# कर्जन्हा नगरपालिकाको
# फोहोरमैला तथा सरसफाई व्यवस्थापन कार्यविधि
# २०७५

कर्जन्हा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

सिरहा, २ नं. प्रदेश,

नेपाल


<u>तयार गर्ने संस्था:</u>

**पानोरामा रिसर्च सेन्टर प्रा. लि.**

अनामनगर, नेपाल


Scanned with CamScanner

# फोहोरमैला तथा सरसफाई व्यवस्थापन कार्यविधि २०७५

## १. प्रस्तावना

तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहोर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ। जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन्। सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्याापारिक तथा औधागिक प्रतिष्ठानहरु तथा निजि घर परिसरहरुमा खुल्ला फोहोर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुँदा फोहोरमैलालाई स्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन  वा विसर्जनगरी व्यवस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहोरमैला व्यवस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेको दीगो बिकासको लक्ष्य समेत भएको सन्दर्भमा नगर कार्यपालिकाको बैठकवाट फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि २०७५ बनाई लागु गरेको छ।

(१) नाम र प्रारम्भ : यो निर्देशिकाको नाम फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि २०७५ रहेको छ।

(२) यो निर्देशिका तत्काल लागु हुनेछ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

क) “प्रदुषण” भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनवाट वातावरणामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणाको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्दछ

ख) “प्रशोधन”भन्नाले फोहोरमैलाको रूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहारमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारबाट नियुक्त कर्मचारीलाई सम्झनु पर्छ।

घ) “प्रशोधन” भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पालनका लागि कार्य संचालन गर्ने स्थान सम्झनु पर्दछ।

ङ) “वडा”भन्नाले कर्जन्हा नगरपालिकाको वडा सम्झनुपर्दछ।

च) “कार्यालय”भन्नाले नगरपालिकाको कार्यालय सम्झनुपर्छ र यो शब्दले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएको वडा कार्यालय समेतलाई बुझाउँदछ।

छ) “शाखा”भन्नाले नगरपालिकाको बन वातावरणा तथा फोहोरमैला व्यवस्थापन शाखा लाई सम्झनुपर्छ।

ज) “विसर्जन” भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ।

## ३. अनुमित लिई सरसफाई सम्बन्धी कार्य संचालन गर्नुपर्नेःशशशश

नगरपालिका क्षेत्रभित्र कुनैपनि संस्थाले फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्नु अघि यस निर्देशिका बमोजिम स्वीकृति लिई नगरपालिकाले तोकिदिए बमोजिम गर्नु पर्नेछ।



Scanned with CamScanner

## ४. फोहोरमैला तथा सरसफाई व्यवस्थापन कार्यक्रमका उद्धेश्यहरु

- सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहोरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।
- विभिन्न प्रकारका फोहोरहरुलाई घर तथा सामुदायिक स्तरमै कम्पोष्ट बनाउने तथा पुनर्चक्रिय प्रयोगलाई प्रबर्द्धन गर्ने ।
- पर्यावरण संरक्षण तथा फोहोरमैला तथा सरसफाई व्यवस्थापनको अनुसन्धान कार्यक्रमहरु नविनतम तरीकाले संचालन तथा प्रबर्द्धन गर्ने ।
- विभिन्न नविनतम तरीकाको माध्यमबाट फोहोर व्यवस्थापनको लागि समुदायको क्षमता बृद्धि गर्ने ।
- वृक्षारोपण, जैविक खेती, कौसी खेती जस्ता कार्यहरु संचालन र प्रवर्द्धन गर्ने ।
- फोहोरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने ।
- प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारीमुलक सामग्रीहरुको माध्यामबाट प्रचार प्रसार गर्ने ।
- हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।
- जागरणका लागि शाखाको र साझेदार निकायको समन्वय र वडाकार्यालयको अगुवाईमा बिद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघसंस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने ।
- घर कम्पाउण्डबाट फोहोर मैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा बिस्तार गरी नगरपालिकाका सबै क्षेत्रमा बिस्तार गर्ने ।
- फोहोर मैला संकलनको प्रभावकारिता बृद्धि गरी आफ्ना कार्यक्षेत्रको सडक किनाराको सौन्दर्यता अभिभबृद्धिका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने ।
- सरसफाई र फोहोरमैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रवृत्तिमा परिवर्तन ल्याउने ।
- फोहरमैलाको उत्पादनलाई श्रोतमै कमी गराउने,छुट्याईएको फोहरलाई घर-घरमै कम्पोष्ट बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानीइ कृषकहरुसम्म पुर्‍याउन सहजीकरण गर्ने ।

## ५. फोहोरमैला तथा सरसफाई व्यवस्थापनको कार्यक्षेत्र :

कर्जन्हा नगरपालिकाको सबै क्षेत्र ।

## ६. साझेदार निकायसँग रहनुपर्ने संसाधनहरु :

फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण।सरसफाई तथा वातावरणीय सुधारको क्षेत्रमा कार्यरत रही कम्तिमा ३ (तीन) बर्षको अनुभव भएको संस्थासंग सहकार्य गरिने छ । संस्थाको व्यवस्थापनसँग फोहरमैला व्यवस्थापनकालागि कम्तिमा निम्न संख्यामा संशाधन रहेको हुनुपर्ने छ :

- मानवशक्ति : ५० जना
- ब्याक हो लोडर (डोजर) : १ थान
- हेभी टिपर : ३ थान
- घरदैलो संकलनमा प्रयोग हुने मझौला ट्रिपर : ३ थान
- घरदैलो संकलनमा प्रयोग हुने साना ट्रक : १० थान
- ट्याक्टर : ३ थान
- रिक्सा : २० थान
- आवश्यक संख्यामा : औजार तथा उपकरणहरु



Scanned with CamScanner

## ७. फोहोरमैला व्यवस्थापनका लागि कार्यान्वयन विधि

स्थानीय सरकार संचालन ऐन,२०७४, फोहोरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०५३ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा कर्जन्हा नगरपालिका क्षेत्रभित्र फोहोरमैला तथा सरसफाई व्यवस्थापनलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

(१) **फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापन :** घर, पसल, होटल, रेष्टुरेण्ट, विद्यालय, कलकारखानाबाट निस्किने फोहोरलाई उत्पादनस्थलवाटै उठाई समुचित व्यवस्थापन गर्ने ।

(२) **सडक तथा सार्वजनिक स्थलहरुको सरसफाई :** कार्यक्षेत्र भित्र पर्ने सडक, गल्ली, खोला किनार, चउर, मन्दिर, पाटी जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने , राख्न लगाउने ।

(३) **जनचेतना अभिबृद्धि र तालिम :** गोष्ठी, अन्तरक्रिया, ऱ्याली, माईकिङ्ग, जस्ता जनचेतना अभिबृद्धिका कार्यक्रम र तालिमहरु संचालन गरी टोलबासीहरुलाई स्थानीय सरसफाई कार्यमा उत्प्रेरित र क्रियाशील बनाउने ।

(४) **हरियाली विकासः** ल्याण्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र वरिपरि तथा सम्भावित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख बिरुवाहरु र फूलहरु रोपी हरियाली विकास गर्दै नगरको सौन्दर्यता विकास गर्ने ।

(५) **फोहरमैला वर्गीकरण** : जैविक र अजैविक फोहरमैला अलग अलग राख्ने कार्यलाई पूर्ण व्यवहारिक बनाई पुनः चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने ।

(६) **सुईरो कार्यक्रमः** कार्यक्षेत्रलाई प्लाष्टिकरहित बनाउनको लागि शहरी क्षेत्रका सवै घरमा सुईरो वितरण गरी सुईरोमा संकलित प्लाष्टिकको पुनःप्रयोग अभियान सञ्चालन गर्ने ।

(७) **कम्पोष्टिङ्ग तथा पुनःप्रयोगः**जैविक फोहरबाट समुदायस्तरमा स्तरीय कम्पोष्ट मल बनाउने तथा फोहोरको पुनःप्रयोगका लागि ईच्छुक परिवारका सदस्यलाई ज्ञान-सीप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने ।

(८) **सफा शहर सबैको रहर :** अभियानको रुपमा संचालन गर्ने ।

(९) **समुदायको परिचालन :** नगरक्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन र सरसफाई लाई प्रभावकारी बनाउन सामजकि संघ संस्था, स्थानीय क्लवहरु, गैरसरकारी क्षेत्र, नीजी क्षेत्र र अन्य सरोकारवाला सबैलाई परिचालन गरी सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा नमुना नगरको रुपमा स्थापित गर्न अभियान संचालन गर्ने ।

(१०) **शून्य फोहोर :** शून्य फोहोरको अवधारणा अनुरुप अगाडी बढ्ने ।

(११) **प्लाष्टिक मुक्त शहर** : वातावरणमा नकरात्मक असर पार्ने तोकिएको मापदण्ड नपुगेका प्लाष्टिक बिकी वितरण र प्रयोग नगर्ने, नगराउने ।

(१२) **सार्वजनिक क्षेत्रको सरसफाई** : आफ्नो टोल भित्रको सार्वजनिक क्षेत्र (जस्तै : सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन, तथा चौर आदी) मा प्लाष्टिक, सड्ने तथा नसड्ने खालका फोहोर एवं खुला दिसा (मान्छे तथा कुकुरको) नरहने अवस्था हुनु पर्दछ ।



Scanned with CamScanner

(१३) **टोलको सरसफाई :**टोल सुधार समिति वा समुदायका सदस्यहरुले फोहोरमैला व्यवस्थापनका लागि तोकिएको संस्थासंगको समन्वयमा वडा कार्यालय समेतलाई सूचना गरी कम्तिमा महिनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामूहिकरुपमा सरसफाई अभियान संचालन गर्ने छन्। त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्यरुपमा वडाकार्यालय र फोहोरमैला ब्वयस्थापनमा खटिएको संस्थाले राख्ने छ।

(१४) **घर आँगन र सो बाहिरको सडकको सरसफाई :** प्रत्येक घरले आफ्नो घर आँगन सफा राख्ने र राख्न लगाउनु पर्ने छ। आफ्नो आँगन बाहिरको घरको क्षेत्रसंगै रहेको सडक समेत नियमितरुपमा सरसफाई गर्नु गराउनु पर्दछ।

(१५) **घर बाहिर निश्कासन गरिने फोहोर :** घरक बाट निश्कासन हुने फोहोर सडक, पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहोर संकलन गर्न आउने सवारी साधनमा राख्ने, राख्न लगाउने।

## ८. नगरपालिकाले गर्नेः

- ल्याण्डफिलिङ्ग र कम्पोष्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान गरी निर्धारण गर्ने।
- सार्वजनिक स्थलमा फोहरमैला फ्याक्न नपाउने र फोहोर गरेमा हुने सजायसहितको सूचना जारी गर्ने।
- हाल नगरपालिकाको सरसफाई कार्यमा परिचालित , साधनको प्रभावकरी उपयोग गर्ने।
- नगरपालिकामा रहेका ढुवी साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमतीबाट परिचालन गर्ने।
- तत्कालको व्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निर्क्यौल गरिए अनुसार प्रक्रिया अगाडी बढाउने। दीर्घकालिन समाधानका लागि अध्ययन गरी नगरपालिकाले आवश्यक प्रक्रिया अगाडी बढाउने छ।
- सम्पादित कामको अनुगमन तथा मूल्याँकनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधारात्मक उपाय अपनाउने।
- समय समयमा निर्देशन दिई फोहोरमैला तथा सरसफाई व्यवस्थापनलाई सहज बनाउन आवश्यक भूमिका वहन गर्ने।
- सूचनालाई अटेर गरी अनधिकृत रुपमा फोहरमैला फ्याक्नेलाई फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड र फोहरमैला संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति/संघ संस्थालाई प्रोत्साहन (पुरस्कार) को व्यवस्था गर्ने।
- घरदैलो फोहरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ।
- प्रत्येक वडामा वडा कार्यालयको अगुवाई र संलग्न साझेदार वा जिम्मेवार संघसंस्थाको समन्वयमा वार्ड लगत समेत संकलन गरी फोहोरमैला तथा सरसफाई व्यवस्थापन सम्बन्धी जागरण ल्याउने कार्यकमहरु संचालन गर्ने।
- नगरपालिका क्षेत्रभित्र फोहोरमैला तथा सरसफाई व्यवस्थापनको तत्कालिन व्यवस्थापन गर्न साझेदार निकाय संग कार्य गर्दा पर्याप्त साधन, जनशक्ति,उपत्यकाको फोहोर ब्बयस्थापन गर्न तोकिएको ल्यान्डफिल्ड साईट सम्मको पहुँच,फोहोर ब्बस्थापन र सरसफाईमा दक्षता भएको फर्म वा संघ संस्थासंग गरिनेछ।

## ९. समुदायको जिम्मेवारीः

- कुनै पनि सार्वजनिक स्थानमा फोहरमैला नफ्याक्ने, फ्याँक्न नदिने।
- भान्छाभान्छाबाटै फोहर वर्गीकरण गर्ने/गराउने।



Scanned with CamScanner

- घरको फोहोरलाई घरमै व्यबस्थित गर्न नगरपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने ।
- फोहोरमैला सरसफाई तथा व्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा वा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सूचना दिने ।
- समय समयमा वडा कार्यालयले दिएको सूचना बमोजिमका कार्य गर्ने ।
- फोहर संकलनमा खटिई आउने ढुवानी साधनमा फोहरमैला उपलब्ध गराउने ।
- तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक रकम भुक्तानी गर्ने ।
- फोहोरमैला तथा सरसफाई व्यवस्थापन सम्बन्धी सार्वजनिक कार्यक्रममा अनिवार्य सहभागी हुने र अरुलाई पनि सहभागी हुन आव्हान गर्ने ।
- नगरपालिकाले बेलाबेलामा प्रकाशित गरेको सूचनाहरुको पालना गर्ने ।

## १०. साझेदार निकायको दायित्व :

- कार्यान्वयनकर्ताको रुपमा साझेदार निकायले फोहोर उत्सर्जनको अवस्था हेरी शहरी क्षेत्रमा कम्तिमा हप्ताको दूई पटक र ग्रामिण क्षेत्रमा कम्तिमा हप्ताको एक पटक फोहोर संकलन सम्बन्धी कार्य गर्नेछ ।
- फोहोर संकलन गरी प्रशोधन केन्द्रसम्म लैजादा फोहोर बोक्ने साधन ढाकिएको अवस्थामा हुनु पर्ने छ ।
- वडाकार्यालयको अगुवाईमा फोहोरमैला तथा सरसफाई व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नुपर्ने छ ।
- फोहोरलाई स्रोतमै बर्गीकरण गरी घर घरमा व्यवस्थापन हुने तौर तरिकाहरु समुदाय तथा घर घर मा सिकउनु पर्ने छ ।
- सम्पादित कार्यको प्रभावकारिताको अनुगमन तथा मूल्यांकनगर्दा प्राप्त पृष्ठपोषणका आधारमा वडा कार्यालय र नगरपालिकाले समय समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
- प्रशोधन केन्द्रमा लामो समय फोहोर नराखी सम्बन्धित विसर्जन स्थलसम्म शीघ्र पुर्‍याउनु पर्दछ ।
- फोहोरमैला तथा सरसफाई व्यवस्थापनमा भएको दक्षताको पूर्ण प्रयोग गरी नगरपालिकालाई फोहोरमैला तथा सरसफाई व्यवस्थापन भएको अग्रणी नगर बनाउने अभियानमा सघाउनु पर्नेछ ।
- सार्वजनिकस्थलमा देखिएको फोहोरलाई अविलम्ब हटाई त्यस्तो स्थानमा फोहोर गर्ने ब्यक्ति वा संस्थालाई आवश्यक कारवाहीका लागि नगरपालिकामा यकिन प्रतिवेदनसहित पेश गर्नुपर्ने छ ।
- सार्वजनिक क्षेत्रका स्थलहरु सधैं फोहर रहित हुनुपर्ने छ ।
- सुर्यविनायकवासीहरु फोहर व्यवस्थापनका लागि जिम्मेवार छन् भन्ने सन्देश प्रवाह हुनेगरी कार्य संचालन गर्नुपर्ने छ ।
- वोटविरुवा लगाई घर तथा सडक हरियालीयुक्त बनाउन नगरपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नुपर्ने छ ।

## ११. सरसफाई तथा फोहोर व्यवस्थापन शुल्क :

सरसफाई तथा फोहोर व्यवस्थापनमा फोहोर गर्नेले तिर्नु पर्दछ (polluters pay principle) भन्ने विश्वव्यापी स्थापितमान्यता रहेको छ । सरसफाई तथा फोहरमैला व्यवस्थापन आम नागरिक, नगरवासी, सबै संघसंस्था, उद्योग ब्यबसाय,सरकारी गैरसरकारी एवं नीजी क्षेत्र सबैको सामूहिक प्रयासबाट सम्पन्न हुने बिषय भएकाले सबै पक्ष बाटसहयोग पुर्‍याउनु पर्ने छ। फोहरमैला व्यवस्थापनको सबैभन्दा प्रभावकारी उपाय नै स्थानीय जनताको प्रत्यक्ष संलग्नता हो। समुदायको संलग्नता विभिन्न किसिमले हुनसक्दछ जसमध्ये सहभागिताभनेको सेवा उपभोग गरेवापत मासिक रुपमा शुल्क तिर्ने परिपाटी पनि हो ।

सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा सेवाग्राहीहरुले तपशीलमा उल्लेख गरिए बमोजिम सेवा शुल्क तिर्नुपर्नेछ ।



Scanned with CamScanner

## मासिक शुल्क विवरण

| क्र.सं. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | एक परिवार बस्ने घर साढेदूई तलासम्म | २५० |
| २ | साढे दूई तला भन्दामाथी प्रति तला थप | ५० |
| ३ | | |
| ४ | कस्मेटिक, पत्रिका, लत्ताकपडा, पसल आदी व्यवसाय (१०० स्क्वायर फिट सम्म) | १०० |
| ५ | किराना , खाद्यान्न, फेन्सी पसल आदि व्यवसाय (१०० स्क्वायर फिट सम्म) | १०० |
| ६ | किराना, खाद्यान्न, फेन्सी पसल आदी व्यवसाय (१०० स्क्वायर फिट भन्दा ठुलो) | १५० देखि ३०० सम्म |
| ७ | चिया,कफि, केक,तथा बेकरी पसल व्यवसाय (१०० स्क्वायर फिट भन्दा सानो) | १५० |
| ८ | तरकारी, चिया,कफि, केक तथा बेकरी र साईबर आदि (१०० स्क्वायर फिट भन्दा ठुलो) | ३०० |
| ९ | फलफुल तथा जुस पसल व्यवसाय (१०० स्क्वायर फिट भन्दा सानो) | १५० |
| १० | फलफुल तथा जुस पसल व्यवसाय (१०० स्क्वायर फिट भन्दा ठुलो) | ३०० देखि १००० सम्म |
| ११ | सैलुन, ब्युटिपार्लर व्यवसाय तथा औषधि पसल (१०० स्क्वायर फिट भन्दा सानो) | ३०० |
| १२ | सैलुन,ब्युटिपार्लर व्यवसाय तथा औषधि पसल (१०० स्क्वायर फिट भन्दा ठूलो) | ४०० देखि ५००) |
| १३ | औषधि पसल ल्याव सहित (१०० स्क्वायर फिट भन्दा ठुलो) | ६०० |
| १४ | मासु पसल व्यवसाय बधशाला नभएको | ३०० |
| १५ | बधसाला सहित मासु पसल व्यवसाय (सानो) | १००० देखि १५०० सम्म |
| १६ | बधसाला सहित मासु पसल व्यवसाय ट्रक या ट्रयाक्टरबाट प्रति टिप सानो | ३००० |
| १७ | **निजि विद्यालयहरुको हकमा** | |
| क | नर्सरी देखि ५ कक्षा सम्म (होस्टेल नभएको) | ५०० |
| ख | नर्सरी देखि ५ कक्षा सम्म (होस्टेल भएको) | १००० |
| ग | नर्सरी देखि १० कक्षा सम्म (होस्टेल नभएको) | ५०० |
| घ | नर्सरी देखि १० कक्षा सम्म (होस्टेल भएको) विद्यार्थी संख्या ४०० सम्म | १००० देखि १५०० सम्म |
| ङ। | नर्सरी देखि १० कक्षासम्म (होस्टेल भएमा) विद्यार्थी संख्या ४०० भन्दा माथि | २००० देखि ४०००) |
| च | माध्यामिक १० जोड २ सम्म (होस्टेल नभएमा) | १००० |
| छ | माध्यामिक १० जोड २ सम्म (हास्टेल भएमा) | १५०० |
| १८ | बैक, सरकारी विद्यालय, क्याम्पस र कार्यालयहरु र विदेशि बसोवास गर्ने घरहरुमा | ५०० देखि १००० सम्म |
| १९ | हाई भिजन हलहरु | १५०० |
| २० | सिनेमा हलहरु | १५००देखि |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ५००० सम्म |
| २१ | उद्योग ,कल कारखानाहरु, कार्पेट, गार्मेन्ट | १०००देखि १०००० सम्म |
| २२ | डिपार्टमेन्ट स्टोर्स | ३००० |
| २३ | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति रिक्सा | ६०० |
| २४ | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति निशान ट्रक | ७५०० |
| २५ | सुपर स्टोर (आकार हेरी) | १००० देखि १०००० सम्म |
| २६ | अस्पताल /नर्सिङहोम (चिकित्साजन्य हानिकारक फोहर बाहेक) | १००० देखि २००० सम्म |

**नोटः**

- ➢ माथि उल्लेख भएका भन्दा अन्यको हकमा फोहोर उत्सर्जन मात्राको आधारमा साझेदार निकाय र सेवाग्राहीबीचको आपसी सहमतिमा निर्धारण गर्नेछ ।
- ➢ घना बस्ती र मूख्य सडकका क्षेत्रमा साझेदार निकाय र ग्राहकबीच फोहोर उत्सर्जनको अवस्थाहेरी आपसी सहमतिबाट रेट निर्धारण हुनेछ ।
- ➢ अस्पतालजन्य (हानिकारक) फोहरमैला अस्पताल आफैले व्यवस्थापन गर्नुपर्नेछ । तर निर्मलीकरण गरेको फोहरमैला भएमा उत्सर्जनको मात्रा अनुसार आपसी सहमतिमा दररेट निर्धारण गरिनेछ ।
- ➢ मूल्यवृद्धिसँगै शुल्क समायोजन गर्दैजानुपर्ने हुँदा प्रत्येक २ बर्षमा न्यूनतम २०% ले शुल्क बृद्धि हुन सक्नेछ ।
- ➢ वडाकार्यालयले आर्थिक अवस्था कमजोर भनी सिफारिश गरेको पत्रको आधारमा तोकिएको दररेटमा ५०% सम्म छुट हुन सक्नेछ ।
- ➢ घरको फोहोरलाई घरमा नै व्यवस्थापन गर्ने र व्यवस्थापन नहुने फोहोरमात्र प्रशोधन केन्द्रमा पठाउने सेवाग्राहीको लाग्ने शुल्कमा ३३ प्रतिशत सम्म छुट हुन सक्ने छ ।
- ➢ ग्रामीण क्षेत्रमा फोहोर संकलन कार्य वडा कार्यालयको समन्वयमा साझेदार निकायले गर्ने छ । त्यस्तो क्षेत्रमा फोहोर व्ययस्थापन गर्ने विधी साझेदार निकाय र नगरपालिकाको सन्वयमा सिकाईने र सो अनुरुप गरी घरमै व्यवस्थापन गर्ने क्षेत्रमा शुल्क नलाग्ने व्यबस्था नगरपालिकाले निर्धारण गर्ने छ ।

## १२. फोहोरमैला तथा सरसफाई व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिने

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएका फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएका कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउन वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) अनुमति नलिई फोहरमैला व्यवस्थापनका कार्य गर्ने,

(ङ)फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएका अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमका हानिकारक पदाथ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरका फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा



Scanned with CamScanner

राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केका दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकको समय वा सफाई गर्दाका समयमा त्यस्ता ठाउँमा कुनै पनि किसिमका सवारी साधन बिसाउन वा बिसाइराखेका सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेका ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरीसडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमका हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य सस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्न वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्ती भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएका कुनै वस्तुको उत्पादन तथा बिक्रीवितरण गर्ने,

(त) प्रचलित विपरीत रासायनिक विषादीको आयात गर्न वा म्याद नाघेका(समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाका पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेका वा मारेका पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाका कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

## १३. बुंदा नं. १२ को कसूरमा हुने सजाय सम्बन्धी व्यवस्था

खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रा वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्ता कार्य गर्न रोक लगाउनेछ ।

खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेका भए त्यस्ता क्षति बापतका रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गन सक्नेछ ।



Scanned with CamScanner

खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीसहजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।
खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोहीकसूर पुनः गरेमा पहिला पटक गरेका जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिवाना गर्न सक्नेछ ।

## १४. सेवा सुविधा रोक्का गर्न सकिने

तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाका अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजका नामका घर जग्गा बिक्री रोक्का गर्नका लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

उक्त ब्यहोरा लेखी आएमा त्यस्ता सेवा सुविधा रोक्न सम्बन्धित निकायको कर्तव्य हुनेछ ।



Scanned with CamScanner